बैठक नं.७८

आज मिति २०७८/१/१० गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ११:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |
| ३० | श्री चक्रपाणी शर्मा | | |

गोमा सुनाली - का वा वडाध्यक्ष - [illegible]

वीरमान लामा - का वा वडाध्यक्ष - ६

तिला प्रसाद श्रेष्ठ - का वा वडाध्यक्ष - ३

**प्रस्ताव नं.७८.१**

**प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत सम्बन्धमा।**

**निर्णय नं. ७८.१**

यस बुटवल उपमहानगरपालिका अन्तर्गत पर्ने तिनाउ खोला अन्तर्गत वडा नं.११ र १७ को पवित्रनगरघाट अन्तर्गत दुई स्थान र वडा नं.१२, १३ र १४ अन्तर्गतको दानब नदीको क्षेत्रको दुई स्थानबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी तथा वालुवा संकलन र उत्खनन् गरी विक्री वितरण गर्ने प्रयोजनका लागि श्री Edel Sustainable Solution Pvt.Ltd. महाराजगंज, काठमाण्डौं र Pathfinder Nepal Service Pvt.Ltd. बानेश्वर, काठमाण्डौंबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गराइएकोमा परामर्शदाताहरुबाट प्राप्त उल्लेखित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन आजको वैठकमा प्रस्तुत भई छलफल गरियो। परामर्शदाताहरुबाट प्राप्त IEE का अन्तिम प्रतिवेदनहरु स्वीकृत गरियो। स्वीकृत भएका उल्लेखित प्रतिवेदन बमोजिम हुने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं.७८.२**

**भुमि सम्बन्धी समस्या समाधान आयोग अन्तर्गतका काम अघि बढाउनका लागि जनशक्ति व्यवस्थापन तथा डाटा प्रविष्टि सम्बन्धमा।**

**निर्णय नं. ७८.२**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र भुमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरु रहेको स्थानहरुमा नापी टोली बनाई नापजाँच र संकलित डाटाको प्रविष्टि गराउने कार्यहरु समेत अगाडि बढाउन आवश्यक भएको र उक्त कार्यका लागि आयोगबाट थप जनशक्तिको व्यवस्थापन नभएको हुँदा कार्यालयबाट पेश भए बमोजिम हाललाई बढीमा ३ तीन महिनाका लागि देहायको जनशक्ति करार सेवाबाट छनौट गर्ने र वडा कार्यालयहरुबाट प्राप्त डाटालाई प्रति फाराम रु.५०।- उपलब्ध गराउने गरी कार्यालयबाट व्यवस्थापन गरी डाटा प्रविष्टिको कार्य समेत तत्काल अगाडि बढाउने निर्णय गरियो।

**देहाय :**

| | |
|---|---|
| १.सर्भे इन्जिनियर(अधिकृत) | १ |
| २.सर्भेक्षक | २ |
| ३.अमिन | ५ |
| ४.कार्यालय सहयोगी (नापजाँच प्रयोजन) | ५ |

**प्रस्ताव नं.७८.३**

**ट्रान्सपोर्ट भिलेजभित्र खेती गरेका किसानहरुलाई राहत दिने सम्बन्धमा।**

**निर्णय नं. ७८.३**

यस बुटवल उपमहानगरपालिकाको वडा नं.१२ स्थित भैरहवा टोलमा रहेको ट्रान्सपोर्ट भिलेज निर्माण हुने स्थलमा स्थानीय वासिन्दाहरुबाट धान खेती गरेको र न.पा.बाट उक्त आयोजना निर्माण एवं कार्यान्वयन गर्दा धान पसाउदै गरेको क्षेत्र समेत उपलब्ध गराई सहयोग पुऱ्याउनु भएको हुँदा

कार्यालयबाट पेश भए बमोजिम प्रति कठ्ठा रु.१८१८।१८ का दरले २२ कठ्ठाको जम्मा रु.३९९९८।- राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.७८.४**

**आयोजनाहरुका लागि ढुंगा, गिट्टी र वालुवा उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ७८.४**

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट बुटवल उपमहानगर क्षेत्रमा संचालित ठूला, रुपान्तरणकारी, गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले निर्दिष्ट गरेका सम्बन्धित सम्पूर्ण प्रक्रियाहरु पुरा गरी नदीजन्य पदार्थ माग भई आएमा त्यस्ता आयोजनाहरु (परिमाण बढी भएमा छिमेकी पालिकाका आयोजनाहरु समेतका लागि) का लागि यस पालिकाले तोकेको न्युनतम दर प्रतिघन फुट रु.१५।४१ मा नघट्ने गरी प्रतिवेदनमा उल्लेखित स्थानबाट नदीजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो । त्यसरी उपलब्ध गराएको नदीजन्य पदार्थको उत्खनन ओसारपसार गर्दा IEE प्रतिवेदन विपरीत र राजश्व चुहावट हुन नदिनका लागि उपप्रमुख र सम्बन्धित वडाका वडाध्यक्ष भएको दुई सदस्यीय अनुगमन समितिले समेत अनुगमन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७८.५**

**फोहर व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ७८.५**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहरलाई न्यूनीकरण, स्रोतमै वर्गीकरण, पृथकीकरण गरी फोहर व्यवस्थापन सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाई कार्यान्वयन गर्ने उद्देश्यले कार्यालयबाट पेश भएको सम्झौता मस्यौदा बमोजिम हुने गरी बुटवल उपमहानगरपालिका, सरसफाई तथा वातावरण संरक्षण सहकारी संस्था लि. बुटवल-७ र शिवनगर सामुदायिक वन उपभोक्ता समिति बुटवल-७ वीच त्रिपक्षीय सम्झौता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७८.६**

**आइसोलेशन सेन्टरको स्थापना सम्बन्धमा ।**

**निर्णय नं. ७८.६**

गत बर्ष देखि महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट नेपाल पनि अछुतो रहेन । उक्त महामारीको रोकथामका लागि गत बर्षपनि यस उपमहानगरपालिकाबाट आइसोलेशन सेन्टरको स्थापना गरी उपचारमा टेवा पुर्‍याइदै आएकोमा हाल केही दिनयता देखि कोभिड-१९ को दोस्रो लहरबाट पुन: जनजीवन असामान्य हुँदै गएको हुँदा विगतको अभ्यास र अनुभव समेतलाई मध्यनजर गरी गत बर्षदेखि सहयोग र सहकार्यमा रहेका सरोकारवाला संघसंस्थाहरुसँग समेत समन्वयन गर्ने र कोभिड-१९ महामारीका रुपमा फैलिएको र विपद्सँग सम्बन्धित आवश्यक काम समेत भएको हुँदा एन्फा टेक्निकल ईन्टिच्युट कायम राखी थप पूर्व तयारी गर्न वडा नं.११ को वडा कार्यालयका लागि निर्माणाधिन नमुना वडा कार्यालय भवनको कम्पाउण्ड वाल र शौचालय निर्माणको

प्रक्रिया तत्काल अगाडि बढाई अर्को व्यवस्था नभएसम्मका लागि हाललाई उक्त स्थानमा आईसोलेशन सेन्टरको स्थापना गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.७८.७ विविध ।**

**प्रस्ताव नं.७८.७.१ (क)**

**समावेशी स्थानीय आर्थिक विकास रणनीति तथा योजना स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं. ७८.७.१(क)**

कार्वन तटस्थ/न्यून कार्वन उपायहरुको अवलम्वन र जलवायु परिवर्तन उत्थानशीलता तथा अनुकुलनतालाई प्राथमिकता साथ वातावरणीय सरोकारहरु संवोधन गरेर मुलभुत रुपमा पर्यटन, कृषि प्रशोधन र व्यापार तथा निर्माण मार्फत विविधतापूर्ण आर्थिक अवसरहरुमा वृद्धि गर्ने उद्देश्यका साथ तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको समावेशी स्थानीय आर्थिक विकास रणनीति तथा योजना माथि छलफल गरी स्वीकृत गरियो । स्वीकृत योजनामा समय सापेक्षित र आवश्यकतानुसार क्रमश: संशोधन गर्दै जाने गरी कार्यान्वयन गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.७८.७.१ (ख)**

**विपद जोखिम न्युनीकरण सम्बन्धमा ।**

**निर्णय नं. ७८.७.१(ख)**

यस पालिकाको वडा नं.११ तिनाउ नदीको बुद्धनगरघाट नदीजन्य पदार्थ उत्खनन गर्ने विषेधित क्षेत्रमा ठुलो परिमाणमा नदीजन्य पदार्थ जम्मा भई विपदको जोखिम बढेको भनी स्थानीय वासिन्दाबाट नदीजन्य पदार्थ हटाई दिन माग भएकाले सो क्षेत्रको IEE गरिएकोमा IEE प्रतिवेदनले जमिन कटान रोकी विपद जोखिम नियन्त्रण गर्न ५५६.७८ cum प्रतिदिन (१५०३३०.४ cum) परिमाणको नदीजन्य पदार्थ निकाली River Channeliging गर्ने गरी प्रतिवेदन प्राप्त भएको तर सो क्षेत्र चुरे क्षेत्र भई निषेधित भएकोले र विपद जोखिम न्युनिकरण गर्नुपर्ने भएकाले सो क्षेत्रबाट नदीजन्य पदार्थ निकाली River Channeliging गर्ने अनुमतिका लागि जिल्ला विपद व्यवस्थापन समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७८.७.२**

**स्वागत तथा विदाई सम्बन्धमा ।**

**निर्णय नं. ७८.७.२**

क.यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत (रा.प.प्रथम श्रेणी) पदमा सरुवा भई आउनु भएका श्री शिव प्रसाद रेग्मीज्यूलाई हार्दिक स्वागत गर्दै यहाँले यस कार्यालयमा रही अनुकरणीय कार्यहरु गरी नगरको समग्र विकासमा उच्च योगदान पुऱ्याउने थप विश्वासका साथ यहाँको सफल कार्यकालको यो वैठक कामना गर्दछ ।

ख.यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत पदमा २ बर्षभन्दा बढी समयसम्म कार्यरत रही सरुवा भई जान लाग्नु भएका श्री चक्रपाणी शर्माज्यूले यस कार्यालयमा रही गर्नु भएको सेवाको उच्च मूल्यांकनका साथ हार्दिक धन्यवाद ज्ञापन गर्दै निजको आगामी सेवाकालीन कार्यकालको लागि हार्दिक शुभकामना सहित यो वैठक पूर्ण सफलताको कामना गर्दछ ।

अन्त्यमा उपस्थित सवै लाई धन्यवाद दिदै प्रमुखज्यु बाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।